# दि टिम्बर कर्पोरेशन अफ नेपाल लि., बबरमहल, काठमाडौं

र

# काठमाण्डौ विश्वविद्यालय, धुलिखेल

बीच

# त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल परिसर पुनर्निर्माणका लागि काठ आपूर्ति सम्बन्धमा भएको

# समझदारीपत्र

जेठ, २०७६

## "त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल परिसर पुनर्निर्माणका लागि काठ आपूर्ति सम्बन्धी समझदारीपत्र"

२०११ सालको राप्ती दुनको भिषण बाढीले विस्थापितहरुलाई व्यवस्थित रुपमा बसोवास गराउनका लागि स:मील परियोजनाको रुपमा स्थापना भई २०१७ सालमा तत्कालीन कम्पनी ऐन अन्तर्गत सरकारको पूर्ण स्वामित्वमा स्थापित तथा वन तथा वातावरण मन्त्रालय अन्तर्गत रहेको द टिम्बर कर्पोरेशन अफ नेपाल (टि.सी.एन) को मूख्य उद्देश्य काठ दाउरा संकलन तथा सहज र सरल रुपमा आपूर्ति गर्ने, काठलाई बढि टिकाउ बनाउने, काष्ठ पैदाब मा आधारित उद्योगहरु स्थापना गर्ने तथा बृक्षरोपण गर्ने रहेको छ । साथै नेपाल सरकार (मन्त्रीपरिषद) र को मिति २०७२ फागुन २२ मा स्वीकृत भुकम्प पिडितको लागि काठ संकलन, उत्पादन र बिक्री वितरण निर्देशिका २०७२ तथा नेपाल सरकार (मन्त्रीपरिषद) को मिति:२०७३।५।२६ को निर्णय अनुसार सम्पदा पुन:निर्माणको लागि आबश्यक काठ पुरातत्व विभागको सिफारिसमा दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. ले आपूर्ति गर्ने ब्यबस्था रहेको ।

काठमाडौं महानगरपालिका वडा नं. ११ मा अवस्थित "त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल परिसर" २०७२ साल वैशाख १२ गतेको महाभूकम्पको कारणले क्षतिग्रस्त भएकोमा नेपाल सरकारको मिति २०७४ चैत्र महिनाको निर्णय अनुसार त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल पुनर्निर्माण समिति गठन गरी सोही समितिले त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल पुनर्निर्माणको कार्यको व्यवस्थापन गर्ने निर्णय भएको । त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल पुनर्निर्माण, व्यस्थापन तथा संगित विभाग संचालन गर्न गुठी संस्थानले काठमाडौं विश्वविद्यालयलाई जिम्मेबारी दिएको साथै पुरातत्व विभाग बाट नक्सा, डिजाइन र लागत स्वीकृति प्राप्त गरी पुननिर्माण तीव्र गतिमा भइरहेको । यस पुनर्निर्माणको २०७७ साल भित्र सम्पन्न गर्ने गरी कार्य योजना तयार गरिएको र यस कार्यका लागि १५१७८।५९ क्यू.फिट सालका काठहरु आवश्यक पर्ने अनुमान गरिएको ।

त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल परिसर पुनर्निर्माणको कार्यलाई तोकिएको समयमा सम्पन्न गर्न आबश्यक काठ सहज आपूर्तिको ब्यबस्था मिलाउने उद्देश्यले त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल परिसर पुनर्निर्माण समिति र दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. बीच यस समझदारी पत्रको आबश्यकता देखिएको ।

यस समझदारी पत्रको कार्यन्वयनको लागि दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. र त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल परिसर पुनर्निर्माण समितिको भूमिका निम्न बमोजिम हुनेछ ।

**(क) दि टिम्बर कर्पोरेशन अफ नेपाल लि. को भूमिका**

१. सालको काठ कटान र चिरानको व्यबस्था मिलाउने ।

२. त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल परिसर पुनर्निर्माण समितिबाट प्राप्त विस्तृत त्रैमासिक योजना अनुसारको चिरान काठ नियमानुसार लाग्ने मूल्य लिई यथासम्भव योजना गरिएको समय भित्र आपूर्ति गर्ने

३. कर्पोरेशनले चिरान काठ उपत्यका स्थित बालकुमारी डिपो वा शाखा कार्यलयहरु स्थित डिपोहरुबाट उपलब्ध गराउने ।

**(ख) त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल परिसर पुनर्निर्माण समितिको भूमिका**

१. आवश्यक काठको नाप साइज सहित कुन समयमा कति परिमाणको काठको आवश्यक पर्ने हो सो को बिस्तृत त्रैमासिक योजना तयार गरी कर्पोरेशनमा पेश गर्ने ।

२. कर्पोरेशनले गोलिया काठ चिरान गरी तयार भए पछि चिरान काठ खरिद गरि ढुवानी गर्नु पहिले नियमानुसार लाग्ने मूल्य भूक्तानी गर्ने ।

३. काठ कटान तथा प्राप्ती समयमा नभइ चिरान आपूर्ति हुन नसकेमा सम्वन्धित निकाय (संघिय तथा प्रदेश मन्त्रालय, बिभाग, निर्देशनालय तथा कार्यलय) संग समन्वय तथा सहजिकरण गर्न कर्पोरेशनलाई सहयोग गर्ने ।

४. लामो साइजका गोलिया तथा चिरान काठ ढुवानी गर्न आवश्यकता अनुशार कर्पोरेशनलाई सहयोग गर्ने ।

**(ग) बिबिध**

१. त्रैमासिक रुपमा कार्य प्रगतिको समिक्षा गर्ने ।

२. यो समझदारीपत्र त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल परिसर पुनर्निर्माण कार्य सम्पन्न नभएसम्म क्रियाशील हुनेछ ।

३. यो समझदारीपत्रको कार्यान्वयनको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिद्वारा समाधान गरिने छ ।

४. यस समझदारीपत्रमा उल्लेखित प्रावधानहरुको हदसम्म यसै बमोजिम र यसमा उल्लेख नभएको सम्बन्धमा आपसी सहमतिमा तय गरिने छ ।

५. बिशेष परिस्थितीका कारण काठ आपूर्तिमा समस्या भएमा आपसी सहमतिमा समस्या समाधान गरिने छ ।

६. यो समझदारीपत्र २०७६ जेठ १ गतेबाट लागु हुनेछ र यो समझदारीपत्रमा हस्ताक्षर गर्नु पहिले उपरोक्त प्रयोजनका लागि आपूर्ति भएको काठ यसै समझदारीपत्रमा नै समेटिने छ ।

दुवै पक्षहरुले उल्लेखित शर्त बन्देजहरु पालना गर्ने गरी यस समझदारी पत्रको लिखत बनाई सही छाप गरी दुवै पक्षहरुले यसको १/१ प्रति बुझी लियौं दियौं ।

| काठमाण्डौ विश्वविद्यालयको तर्फबाट | दि टिम्बर कर्पोरेशन अफ नेपाल लि.को तर्फबाट |
|---|---|
| प्रा. डा.सुबोध शर्मा, रजिष्ट्रार | राजु लौडारी, महाप्रबन्धक |

**साक्षी**

१. से.प्रा.डा. लोचन रिजाल, सदस्य सचिव
त्रिपुरेश्वर महादेव मन्दिर तथा सत्तल परिसर पुनर्निर्माण
प्रमुख, संगीत विभाग, काठमाण्डौ विश्वविद्यालय

२. पुजा अमात्य, प्रोजेक्ट अफिसर

१. रामचन्द्र भट्ट, बिभागिय प्रमुख
उत्पादन, आपूर्ति तथा योजना बिभाग

२. शुस्मा आचार्य, सह-प्रबन्धक

ईति सम्बत् २०७६ साल जेठ महिना १५ गते ।